लम्कीचुहा नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

भजनी, कैलाली

(भुमी शाखा)

सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. २०८३/०८४

मिति - २०८३/०५/१७

च.नं.-

**भुमिहिन दलित,भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुले निवेदन दिने सम्बन्धि एक्काइस (२१) दिने सार्वजनिक सुचना।**

**सुचना प्रकाशित मिति २०८३/०५/१७ गते**

प्रस्तुत विषय सम्बन्धमा भुमि समस्या समाधान समिति, धनगढी कैलालीको मिति २०८३/०५/१५ च.नं. २५ को पत्रानुसार मिति २०८३/०५/१५ गते देखि लागु हुने गरि यस लम्कीचुहा नगरपालिका वडा नं. १ देखि वडा नं. १० भित्रका भूमिहिन दलित,भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुले बिगतमा नेपाल सरकार द्वारा गठित आयोग ,समिति,कार्यदल द्वारा प्रकाशित गरिएको ३५ (पैतिस) दिने लगत संकलन सम्बन्धि सुचनाको अवधिमा आफु र आफ्ना परिवारजनले भोग गरेका ऐलानी,प्रति ,सरकारी जग्गाको अनुसुचि -४ निवेदन फारम सम्बन्धित वडा कार्यालय मार्फत केन्द्रिय आयोगमा निवेदन पेश गर्न छुट ,बाँकी रहेका सम्बन्धित वडाका लाभग्राहीहरुले आयोग ले तोकेको ढाँचा बमोजिम निवेदन फारम सहित तपशिल बमोजिमका कागजातहरु संलग्न गरि मिति २०८३/०५/१५ गते देखि २०८३/०६/०४ गते भित्र सम्बन्धित वडा कार्यालयमा पेश गर्नहुन सरोकारवाला सबैका लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। साथै अन्य आवश्यक थप जानकारीका लागि लम्कीचुहा नगरपालिकाको कार्यालय भुमि शाखामा सम्पर्क गर्न हुन सबैमा सुचित गरिन्छ।

तपशिल

| क्र.सं. | भुमिहिन दलित,भुमिहिन सुकुम्वासीको हकमा आवश्यक कागजातहरु। | अव्यवस्थित बसोवासीको हकमा आवश्यक कागजातहरु। |
|---|---|---|
| १ | नेपाली नागरिकता प्रमाणपत्रको प्रष्ट देखिने प्रतिलिपि संगोल परिवार ,नाबालिकको हकमा जन्म दर्ता को प्रतिलिपि। | नेपाली नागरिकता प्रमाणपत्रको प्रष्ट देखिने प्रतिलिपि, संगोल परिवार नाबालिकको हकमा जन्म दर्ता को प्रतिलिपि। |
| २ | निवेदकको( श्रीमान ,श्रीमती) हालसाल खिचेको पासपोर्ट साईजको १/१ प्रति फोटो। | निवेदकको( श्रीमान ,श्रीमती) हालसाल खिचेको पासपोर्ट साईजको १/१ प्रति फोटो। |
| ३ | चारकिल्ला सहित भोगचलन प्रमाण सिफारिस। | चारकिल्ला सहित भोगचलन प्रमाण सिफारिस। |
| ४ | जग्गामा घर भए ,बिटौरी शुल्क ,घर बहाल कर ,बिजुली,पानि बिल तिरेको रसिद। | जग्गामा घर भए ,बिटौरी शुल्क ,घर बहाल कर ,बिजुली,पानी बिल तिरेको रसिद। |
| ५ | निवेदकको घर संगोल तिन पुस्ता भित्र नेपाल राज्यभर दर्ता श्रेस्ता कायम भएको जग्गा भए,नभएको प्रमाणित सिफारिस। | निवेदकको संगोलमा अन्यत्र स्थानमा रहेको दर्ता श्रेस्ता कायम भएको जग्गाको प्रमाण पुर्जाको प्रतिलिपि साथै जग्गा मुल्यांकन खुल्ने सिफारिस वा मालपोत कर रसिद। |
| ५ | तिन पुस्ते परिवार विवरण खुल्ने कागजात (संगोल प्रमाणित )। | तिन पुस्ते परिवार विवरण खुल्ने कागजात (संगोल प्रमाणित )। |
| ६ | नाता प्रमाणित प्रमाण सिफारिस। | नाता प्रमाणित प्रमाण सिफारिस। |
| ७ | बैंक तथा बित्तिय संस्थामा खाता भए सो सम्बन्धि स्टेटमेट प्रमाण। | बैंक तथा बित्तिय संस्थामा खाता भए सो सम्बन्धि स्टेटमेट प्रमाण। |
| ८ | राष्ट्रिय परिचय पत्र,गरिवि परिचय पत्र प्रतिलिपि (संगोल परिवार सदस्यहरुको उपलब्ध भए अनिवार्य ) | राष्ट्रिय परिचय पत्र,गरिवि परिचय पत्र प्रतिलिपि (संगोल परिवार सदस्यहरुको उपलब्ध भए अनिवार्य ) |
| ९ | निवेदक वा निजको परिवार सदस्यका नाममा गाडी,मोटर साईकल र अन्य सवारी साधन भए सो सम्बन्धि कागजात। | निवेदक वा निजको परिवार सदस्यका नाममा गाडी,मोटर साईकल र अन्य सवारी साधन भए सो सम्बन्धि कागजात। |
| १० | शेयर कारोवार भएमा खरिद ,बिक्री कागजात पत्र। | शेयर कारोवार भएमा खरिद ,बिक्री कागजात पत्र। |
| ११ | स्थायी लेखा पान नं. , मानो छुट्टिएको लिखत वा अंशबण्डा (२०७६ / माघ २८ भन्दा पहिले देखि ) प्रमाणको प्रतिलिपि। | स्थायी लेखा पान नं. , मानो छुट्टिएको लिखत वा अंशबण्डा (२०७६ / माघ २८ भन्दा पहिले देखि ) प्रमाणको प्रतिलिपि। |
| १२ | व्यापार ,व्यवसाय रोजगार भए सो सम्बन्धि कागजात। | व्यापार ,व्यवसाय रोजगार भए सो सम्बन्धि कागजात। |

२०८३/०५/१६

माधव कुमार जैशी

नि. प्रमुख प्रशासकिय अधिकृत

ईमेल: lamkicm@gmail.com वेवसाइट: lamkichuhamun.gov.np फोन नं. ०९१-४१९०१५ फ्याक्स नं. ०९१-४१९०१५